निर्णय प्रमाणित

मिति : २०८१।०५।०४ मंगलबार

कार्यपालिका निर्णयहरु

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा। | मिति २०८१।०४।०४ गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>समिक्षामा पाइएका बिषयहरू:<br>१५ वटा निर्णय भएकोमा जसमध्ये १२ वटा निर्णय कार्यान्वियन भईसकेको, २ वटा कार्यान्वय चरणमा रहेको साथै एक वटा निर्णय कार्यान्वयन हुन नसकेको पाइयो। |
| २ | स्थानीय दररेट निर्धारण सम्बन्धमा। | लेटाङ नगरपालिकाको आ.व. २०८१।०८२ को लागि निर्माण सामग्रीको दररेट तथा उपकरणहरु र कामदारको ज्यालादर लगायतको स्थानीय दररेट निर्धारण गर्न सार्वजनिक खरिद नियमावली २०७६ को नियम बमोजिमको समितिको मिति २०८१ साल साउन ३१ गतेको बैठकको सिफारिस बमोजिमको स्थानीय दररेट स्वीकृत गर्ने। |
| ३ | कार्यविधि तथा निर्देशिका स्वीकृत सम्बन्धमा। | लेटाङ नगरपालिकाको विद्यायन समितिबाट सिफारिस भई आएका तपसिल बमोजिमका कार्यविधिहरू स्वीकृत गर्ने।<br>क) नगर अस्पताल सञ्चालन कार्यविधिं, २०८१<br>ख) सर्पदंश उपचार केन्द्र सञ्चालन कार्यविधि, २०८१<br>ग) पर्यटन विकास समिति कार्यविधि, २०८१<br>घ) विद्युतीय रिक्सा सञ्चालन व्यवस्थापन तथा नियमन सम्बन्धि निर्देशिका, २०८१<br>ङ) लैगिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१ |
| ४ | विधेयकको मस्यौदा समिति गठन सम्बन्धमा। | गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा २२ बमोजिम विधेयकको मस्यौदा तर्जुमा गर्नका लागि देहायको सदस्य रहने गरी एक कानुन तर्जुमा मस्यौदा समिति गठन गर्ने।<br>क) नगर प्रमुख - भुपेन्द्रकुमार लावती – संयोजक<br>ख) नगर उपप्रमुख – कृष्णकुमारी निरौला - सदस्य<br>ग) प्रमुख प्रशासकीय अधिकृत – नारायण न्यौपाने - सदस्य<br>घ) कार्यपालिका सदस्य - तेज प्रसाद तिम्सिना - सदस्य<br>ङ) वडा सदस्य - राम पौडेल - सदस्य<br>च) वडा सदस्य - श्रवण कुमारी वि.क - सदस्य<br>छ) वडा सदस्य - कमला राई - सदस्य |
| ५ | वडागत तालिका सम्बन्धमा। | राष्ट्रिय परिचय पत्र निर्माणकालागि नगरपालिका फोटो खिच्ने र नाम दर्ता प्रयोजनका लागि देहाय बमोजिमको वडागत तालिका स्वीकृत गर्ने। |

| क्र.सं. | वडा नं. | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | ४ | २०८१ भदौ ५ गते देखि ६ गते सम्म | लेटाङ नगरपालि | |
| २ | ३ | २०८१ भदौ ७ गते देखि ९ गते सम्म | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | ३ | [illegible] | २०८१ भदौ ११ गते देखि १२ गते सम्म | | |
| | | | ४ | ५ | २०८१ भदौ १३ गते देखि १४ गते सम्म | | |
| | | | ५ | ६ | २०८१ भदौ १६ गते देखि १७ गते सम्म | | |
| | | | ६ | ९ | २०८१ भदौ १८ गते देखि १९ गते सम्म | | |
| | | | ७ | ८ | २०८१ भदौ २० गते देखि २३ गते सम्म | | |
| | | | ८ | १ | २०८१ भदौ २४ गते देखि २५ गते सम्म | | |
| | | | ९ | [illegible] | २०८१ भदौ २६ गते देखि २७ गते सम्म | | |

| | | | | |
|---|---|---|---|---|
| ६ | कर्मचारी इन्धन, मर्मत तथा सञ्चार सुविधा सम्बन्धि मापदण्ड, २०८० संसोधन। | हालको व्यवस्था | संसोधन गरिएको विषय | संसोधन गर्नुपर्ने कारण |
| | | अनुसूची – १ मा जुनसुकै कुरा लेखिएको भएपनी वडा नं १,७ र ८ को वडा प्राविधिकहरूलाई मासिक १५०० को दरले १८००० प्रदान गर्ने | अनुसूची – १ मा जुनसुकै कुरा लेखिएको भएपनी वडा नं १,७ र ८ को वडा प्राविधिकहरूलाई मासिक २००० को दरले २४००० प्रदान गर्ने | पहाडी भूगोल भएको वडाहरूमा बाटो राम्रो नभएकाले सवारी मर्मत खर्च धेरै आउने |
| ७ | सोधभर्ना सम्बन्धमा। | आ.व.२०८०।०८१ मा क्यान्सर पिडीतको अपुग भुक्तानी १ लाख ८० हजार नगरपालिकाको विविध कार्यक्रम खर्च शिर्षक आन्तरिक कोषबाट भुक्तानी गर्ने र सम्बन्धित निकायमा सोधभर्नाका लागि भुक्तानी मागगर्ने। | | |
| ८ | राजारानी ताल संरक्षण तथा शौन्दर्यकरण सम्बन्धमा। | यस लेटाङ नगरपालिकाको ठेक्का नं.LM/MOR/NCB/W/11/2077/78 राजारानी ताल संरक्षण तथा शौन्दर्यकरण योजनाको कार्यसम्पन्न भई यस नगरपालिकाको अनुगमन समितिले पेश गरेको कार्यसम्पन्न अनुगमन प्रतिवेदन स्विकृत गर्ने। साथै संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रमको अन्तर्गत राजारानी ताल संरक्षण तथा शौन्दर्यकरण योजनाको बाँकी रकम निकासाका लागि मन्त्रालय समक्ष अनुरोध गर्ने। | | |
| ९ | अस्थायी प्रहरी पोष्ट वारङ्गी व्यवस्थापन सम्बन्धमा। | अस्थायी प्रहरी पोष्ट वारङ्गीका लागि आवश्यक मर्मत संभार तथा अति आवश्यक सामान व्यवस्थापनका लागि प्राविधिक लागत अनुमान अनुसार रू१९९२९६।१८ बजेट बिनियोजन गर्ने । (स्रोत: निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार) | | |

| | | |
|---|---|---|
| १० | खरिद इकाई गठन सम्बन्धमा। | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को ३ बमोजिम देहाय बमोजिमको खरिद इकाइ गठन गर्ने।<br>क) चेतनाथ गौतम - संयोजक<br>ख) प्रशान्त धिमाल - सदस्य<br>ग) पोषराज आचार्य - सदस्य<br>घ) सम्बन्धित विषय शाखा प्रमुख - सदस्य<br>ङ) हेमचन्द्र निरौला - सदस्य सचिव |
| ११ | सुरक्षा निकायलाई मासिक इन्धन सम्बन्धमा। | आ.व. २०८१।०८२ मा लेटाङ नगरपालिका भित्र रहेका देहायका सुरक्षा निकायलाई देहाय बमोजिम इन्धन मासिक रूपमा उपलब्ध गराउने।<br>क) बुधबारे प्रहरी चौकी ३० लिटर<br>ख) इलाका प्रहरी कार्यालय, लेटाङ ८० लिटर<br>ग) अस्थाई प्रहरी चौकी जाँते २० लिटर |
| १२ | प्राविधिक समिति गठन सम्बन्धमा। | लेटाङ नगरपालिका क्षेत्रको नदी तथा खनिजजन्य प्राकृतिक स्रोत साधन (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०८० को परिच्छेद ३ को दफा ५ को (२) बमोजिम नगरपालिका क्षेत्रका नदी तथा खनिजजन्य पदार्थ संकलन गर्न मिल्ने क्षेत्रको पहिचान निर्धारण तथा परिमाण यकिन गर्नका लागि देहाय बमोजिम प्राविधिक समिति गठन गर्ने।<br>क) भौतिक पूर्वाधार विकास शाखा प्रमुख/इन्जिनियर – संयोजक<br>ख) वडा अध्यक्ष – भूमबहादुर सूर्य मगर<br>ग) योजना अधिकृत – सदस्य<br>घ) नगरपालिकाका वातावरण शाखा प्रमुख – सदस्य सचिव<br>प्रतिवेदन तयार गर्दा सम्बन्धित वडाको वडा अध्यक्षलाई रोहोवरमा राखि तयार गर्ने। |
| १३ | शिक्षण सिकाइ अनुदान कार्यक्रमबाट दरबन्दी थप सम्बन्धमा। | आ.व. २०८१।०८२ का लागि शिक्षण सिकाइ अनुदान कक्षा ९-१० कार्यक्रममा तपसिल विद्यालयमा ६ वटा कोटा थप गरी १२ दरबन्दी कायम गर्ने। |

| क्र.सं. | विद्यालयको नाम | सञ्चालित कक्षा | हाल कक्षा (९-१०) मा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान रहेका विद्यालय र विषय | दरबन्दी थप गर्ने विषयहरु |
|---|---|---|---|---|
| १ | सागमा माध्यमिक विद्यालय | १० | अंग्रेजी | गणित |
| २ | भोगटेनी माध्यमिक विद्यालय | १० | अंग्रेजी | गणित |
| ३ | लक्ष्मी माध्यमिक विद्यालय लेटाङ २ | १० | अंग्रेजी | गणित |

| | | | | |
|---|---|---|---|---|
| ४ | महाभारत माध्यमिक विद्यालय | १० | अंग्रेजी | गणित |
| ५ | लक्ष्मी माध्यमिक विद्यालय लेटाङ ७ | १० | अंग्रेजी र गणित | विज्ञान |
| ६ | महेन्द्र माध्यमिक विद्यालय | १० | ० | गणित |

१४ विज्ञ मनोनित सम्बन्धमा।

श्री सुर्य प्राथमिक विद्यालय लेटाङ ५ को प्रधानाध्यापक छनौट गर्नका लागि लेटाङ नगरपालिका शिक्षा शाखाबाट सूचीकृत विज्ञ मध्येबाट तपसिल बमोजिमको विज्ञ छनौट गर्ने।

तपसिल

| क्र.सं. | विषय विज्ञको नाम थर | ठेगाना | तह/श्रेणी |
|---|---|---|---|
| १ | अशोक कुमार कालाखेती | विराटनगर मोरङ | सेवानिवृत उपसचिव |

१५ म्याद थप सम्बन्धमा।

लेटाङ नगरपालिकाको देहायको विवरण भएको ठेक्काहरूको म्याद थपगर्न आवश्यक भएकाले म्याद थप गर्ने।

देहायः

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको विवरण | म्याद थप भएको अवधी | म्याद थप गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | LM/MOR/NCB /11/O77/78 | राजारानी ताल सौन्दर्यकरण | २०८१।०४।३० | साझेदारी रकम प्राप्त नभएकाले | म्याद थपको अनुमोदन |
| २ | LM/MOR/NCB /W/17/2077-78 | १० शैयाको अस्पताल | २०८२।०२।३० | कार्य सूचारू रहेको र सोही निर्माण व्यवसायीबाट कार्यसम्पन्न गर्ने प्रतिवद्धता भएकाले | अन्तिम पटकका लागि आर्थिक दायित्व समेत थप नहुने गरी म्याद थप गरिएको |
| ३ | LM/MOR/NCB /W/04 | शिक्षा विकास मार्ग कालोपत्रे | २०८१।०६।३० | जग्गा विवाद तथा बर्षाका कारण | |

१६ तह बृद्धि सम्बन्धमा।

कोशी प्रदेश, स्थानीय सरकार सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को २७ को (१) र लेटाङ नगरपालिकाको कर्मचारी तहवृद्धि कार्यविधि, २०८१ को परिच्छेद २ को दफा १३ बमोजिम देहायको कर्मचारीको २०८१ श्रावण १ गतेदेखि जेष्ठता कायम हुने गरी तह बृद्धि गर्ने।

देहाय

मिति : २०८१।०५।०४ मंगलबार

कार्यपालिका निर्णयहरु

| | | |
|---|---|---|
| | | <table><tr><td>क्र.सं.</td><td>कर्मचारीको नाम</td><td>सेवा</td><td>समूह</td><td>कर्मचारी संकेत नम्बर</td><td>हालको पद</td><td>वृद्धि गरिएको तह</td></tr><tr><td>१</td><td>चुडा बोहोरा</td><td>प्रशासन</td><td>लेखा</td><td></td><td>लेखा अधिकृत अधिकृतस्तर सातौं</td><td>लेखा अधिकृत अधिकृतस्तर आठौं</td></tr></table> |
| १७ | सार्वजनिक सूचना सम्वन्धमा। | सौन्दर्यपूर्ण सडक निर्माण, सार्वजनिक सम्पत्तीको संरक्षण तथा सडक दुर्घटना कम गर्नका लागी लेटाङ नगरपालिका क्षेत्रभित्र सडकमा घाँसका रूख विरूवा रोप्ने, पशु चौपाय बाँध्ने, विस्कुन सुकाउने, गाई बस्तु छाडा छाड्ने, निर्माण सामाग्री राख्ने तथा सार्वजनिक प्रकृतिका जग्गामा बिभिन्न किसिमका होर्डिङ बोर्ड राख्ने जस्ता आदी कार्य कानुन विपरित, सडक सुरक्षाको दृष्टिकोणबाट दुर्घटना बढाउने किसिमको भएकाले उक्त किसिमका कार्य नगर्न नगराउन सार्वजनिक सूचना प्रकाशन गर्ने। |
| १८ | मासिक आय र व्यय विवरण | आ.व. २०८१।०८२ को श्रावण महिनामा प्राप्त आय र व्यय विवरण तपशिलमा संलग्न म.ले.प. फारममा पेश भए वमोजिम छलफल गरियो। |
| १९ | समवेदना सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं.-५ को वडा अध्यक्षको आदरणीय दाजु श्री केशरबहादुर मगर र लेटाङ नगरपालिका वडा नं.-७ को वडा अध्यक्षको ममतामयी आमा श्री कान्छी माया लिम्बुको केहि दिन अगि असमाहिक निधन भएको हुँदा उहाँहरूको आत्माको चिर शान्तीको कामना सहित नगरकार्यपालिका टिमको तर्फबाट गहिरो समावेदना व्यक्त गर्दछौं। |
| २० | बार्षिक कार्यक्रम कार्ययोजना स्विकृत गर्ने। | लेटाङ नगरपालिका योजना प्रशासन तथा अनुगमन शाखाबाट तयार भएको संलग्न सूची बमोजिमको लेटाङ नगरपालिकाकाको आर्थिक बर्षः२०८१।८२ को बार्षिक कार्यक्रम कार्ययोजना स्विकृत गर्ने। |
| २१ | अभिमुखिकरण कार्यक्रम सम्बन्धमा। | भदौ महिना भित्र जनप्रतिनिधिहरूलाई लिसा(LISA),फ्रा(FRA) तथा कार्यसम्पदान मुल्याङकन सम्बन्धी अभिमुखिकरण गरी सक्नुपर्ने कानुनी व्यवस्था भए बमोजिम देहायको मिति,समय र स्थानमा उक्त अभिमुखिकरण कार्यक्रम सम्पन्न गर्ने।<br>**<u>देहायः</u>**<br>मितिः २०८१।०५।१९ गते<br>समयः बिहान ८ बजे देखी<br>स्थानः सूर्योदय नगरपालिका, इलाम |
| २२ | एम्बुलेन्स सम्बन्धमा। | लेटाङ नगरपालिकामा अवस्थित एकमात्र नगर अस्पतालमा हाल दैनिक २००-३५० सम्मको हारहारीमा बिरामीहरूको उपचार भईरहेको तर उक्त अस्पतालसँग हालसम्म एउटा पनि एम्बुलेन्स नरहेकोले दातृ निकायहरूसँग एम्बुलेन्स मागका लागि पहल गर्ने। |

<table>
<tr><td>२३</td><td>बजेट बिनियोजन सम्बन्धी माग</td><td>१.शिक्षा बिकास मा.वि. मा माथिल्लो तल्लामा छाना सहितको ट्रस्ट निर्माणका लागि वातावरण संरक्षण समिति (एक्का नेपाल) सँग ५०% लागत साझेदारिमा कार्य गर्ने प्रस्ताव प्राप्त भएकाले उक्त निर्माणका लागि २ लाख बजेट बिनियोजन गर्ने। (श्रोतः अन्य संघसस्था सँग साझेदारी)<br>२. लेटाङ नगरपालिका वडा नं २ मा पर्ने चिसाङ खोला पुल देखि दक्षिण पश्चिम उत्तरी मोरङको क्रसर छेउमा विपद् जोखिम उच्च रहेकाले जाली भर्ने कामका लागि रू २,८०,०००/- बजेट बिनियोजन गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोषबाट)<br>३. लेटाङ नगरपालिकामा विपद् व्यवस्थापन अन्तर्गत दवाई छिट्ने ५ थान टेङ्की खरिद गरी राख्न आवश्यक देखिकएकाले टेङ्की खरिदका लागि रू२५००००/- बिनियोजन गर्ने। (श्रोतः नगर विपद् व्यवस्थापन कोष)<br>४. गत आ.व. ०८१/०८२ देखिनै लेटाङ नगरपालिकाको आर्थिक सहयोगमा लेटाङ अस्पतालमा डेङी संक्रमीत (बिरामी) नगरबासिहरुको निःशुल्क रुपमा उपचार गरिरहेको साथ यस आ.व २०८१/०८२ मा पनि मनसुन सुरु भएसंगै डेङी संक्रमितको संख्या हाल सम्म ३४६ पुगिसकेको र आ.व २०८१/०८२ बजेट निति तथा कार्यक्रम मा स्वास्थ्य बिपद तथा माहामारी ब्यवस्थपनमा रकम रु ४०००००/- मात्र बिनियोजित गरिएको र अस्पतालको माग अनुसार दररेट मागी लागत अनुमान तयार गर्दा रकम रु ११५०९८.५०/- खर्च हुनेदेखिएकोले ठेक्का प्रक्रियाबाट औषधि खरिद गर्दा अपुग हुने रकम नगर बिपद् ब्यवस्थापन कोष बाट भुक्तानी प्रदान गर्ने।<br>५. लेटाङ नगरपालिका वडा नं ६ पार्टिखेतमा पस्न लागेको चिसाङ खोलाको पानी थुनी खोलाको धार फर्काउनका लागि नगरप्रमुखको तोक आदेशमा तत्काल भएको कामको रकम रू१४०००/- भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष)</td></tr>
<tr><td>२४</td><td>विपद राहत सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा आर्थिक बर्षः२०८१।८२ मा बिभिन्न कारणबाट बिपदमा परी क्षति भएका देहायका व्यक्तिहरूलाई राहत प्रदान गर्ने।<br><u>देहायः</u>
<table>
<tr><th>क्र.स.</th><th>नाम,थर</th><th>ठेगाना</th><th>राहत रकम</th><th>विपद्को विवरण</th></tr>
<tr><td>१</td><td>शान्ता राई</td><td>लेटाङ-५</td><td>१००००/-</td><td>आगोलागी भएको</td></tr>
<tr><td>२</td><td>लालबहादुर मगर</td><td>लेटाङ-५</td><td>२००००/-</td><td>रूखले किचेर घर भत्किएको।</td></tr>
<tr><td>३</td><td>रामदेवी रेग्मी</td><td>लेटाङ-३</td><td>५०००/-</td><td>हात्तिले घर भत्काएको अन्न खाएको</td></tr>
</table></td></tr>
<tr><td></td><td>संस्था दर्ता सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका संस्था दर्ता ऐन २०७८ को दफा४(३) बमोजिम कार्यपालिकामा पेश हुन आएका देहायको संस्थाहरूको संस्था दर्ता गर्ने।<br><u>देहायः</u><br>१.लेटाङ क्रिकेट क्लब , लेटाङ-४<br>२.गाउँले इन्टरटेन्मेन्ट क्लब , लेटाङ-४</td></tr>
</table>

मिति : २०८१।०५।०४ मंगलबार

कार्यपालिका निर्णयहरू

<table>
<tr>
<td>२६</td>
<td>सडक हेरालु सम्बन्धमा।</td>
<td>लेटाङ नगरपालिका वडा नं १ मा अवस्थित लोखरा राजारानी साग्मा आईतवारे मूल सडक साथै कुईकुण्डा थामफेदी र लाख हर्दिया मुर्चुङ्गी मुलसडकहरू वर्षादको समयमा भलपानी सडकमा आई सडक विग्रन गएको तथा पहिरो गई ठूलो क्षति हुने भएकाले वडा नं १ को सिफारिस पत्रको आधारमा देहायको व्यक्तिहरूलाई दैनिक रू७०० को पारिश्रमिक प्रदान गरी काममा खटाउने। (स्रोत : वडा सिलिङमा विनियोजित शिर्षकबाट)<br><u>देहाय:</u>
<table>
<tr><th>क्र.सं.</th><th>सडक खण्ड</th><th>खटिएको कर्मचारी</th></tr>
<tr><td>१</td><td>लाख हर्दिया मुर्चुङ्गी सडकका लागि</td><td>१.डिक बहादुर लिम्बु<br>२.नगेन्द्र मगर</td></tr>
<tr><td>२</td><td>कुईकुण्डा थाम फेददी सडकको लागि</td><td>१.दिल कुमार मगर<br>२.रोहित मगर</td></tr>
<tr><td>३</td><td>लोखरा राजारानी साग्मा आईतवारे सडकको लागि</td><td>१.त्रमवहादुर मगर<br>२.खगेन्द्र राई<br>३.संजोक राई<br>४.गणेश वहादुर मगर</td></tr>
</table>
</td>
</tr>
<tr>
<td>२७</td>
<td>सामुदायिक विद्यालय सम्वन्धमा।</td>
<td>सामुदायिक विद्यालयहरूमा हाल अङ्ग्रेजी र नेपाली दुई भाषावाट अध्ययन अध्यापन हुने गरेको तथा एकै विद्यालयमा समेत दुई खालको ड्रेस कोडको पालना भएको भनी यस पालिकामा निवेदन प्राप्त भएको हुँदा उक्त सन्दर्भमा त्यस्तो कार्य भएको हो हैन ? भएको भए यसको असर तथा फाइदाका वारेमा स्थलगत अध्ययन गरी आफ्नो राय सहित आगामी कार्यपालिकामा प्रतिवेदन पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी प्रदान गर्ने।</td>
</tr>
<tr>
<td>२८</td>
<td>औषधि खरिद सम्वन्धमा।</td>
<td>नेपाल सरकारबाट नियमित निःशुल्क बितरण गर्ने ९८ प्रकारका औषधिहरु मध्ये सुगर, प्रेसर , ग्यासट्रिक लगायत मानसिक रोगका औषधिहरु प्रदेश सरकार लाई मात्र खरिद गर्ने अधिकार रहेको तर प्रदेश सरकारबाट समयमा खरिद नहुने साथै पालिकाको माग अनुसार औषधि प्राप्त नभएकोले गर्दा विरामिको आवश्यकता अनुसार सुगर, प्रेसर , ग्यासट्रिक मानसिक रोगका औषधिहरु नगरपालिकाबाटनै विधुतिय बोल पत्र द्वारा खरिद गर्ने निर्णय गरियो।</td>
</tr>
<tr>
<td>२९</td>
<td>कार्यविधि/मापदण्ड निर्माण गर्ने।</td>
<td>लेटाङ नगरपालिकामा देहायको कार्यविधि/मापदण्ड निर्माण गरी आगामी कार्यपालिकामा पेश गर्न मस्यौदा तयार समिति र बिद्यायन समितिलाई जिम्मेवारी प्रदान गर्ने।<br><u>देहाय:</u><br>१.गुनासो सुनुवाई कार्यविधि,२०८१<br>२.सेवा प्रवाहको मापदण्ड (sop) २०८१<br>३.विषयगत समितिको कार्य संञ्चालन कार्यविधि २०८१<br>४.सामाजिक परिचालन कार्यविधि,२०८१<br>५.लेटाङ नगरपालिकाको कर्मचारी करार सम्बन्धी कार्यविधि,२०८१</td>
</tr>
</table>

<table>
<tr><td>३०</td><td>कार्यसम्पादन सम्झौता सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा आ.व.२०८१।८२ नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बिच कार्यसम्पादन सम्झौता साथै प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरू सँग भएको कार्यसम्पादन सम्झौता स्विकृत गर्ने।</td></tr>
<tr><td>३१</td><td>खरिद गुरूयोजना निर्माण सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको आ.व.२०८१।८२ का लागि बार्षिक खरिद गुरूयोजना निर्माण गरी आगामी कार्यपालिकामा पेश गर्ने।</td></tr>
<tr><td>३२</td><td>कार्यपालिका सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकाको कार्यपालिकामा निर्णय गर्न आवश्यक बिषयहरूको सम्बन्धमा कार्यपालिका सदस्यहरू तथा विषयगत शाखाहरूले कार्यपालिका बैठक हुन १ दिन अगावै संलग्न अनूसूची बोमोजिम नगरपालिकामा पेश गर्ने।</td></tr>
<tr><td>३३</td><td>हेरालु सम्बन्धमा।</td><td>लेटाङ नगरपालिकामा लेटाङ – कानेपोखरी सडक खण्डमा झाडी सरसफाई गर्न २ जना सडक हेरालु राखेकोमा एक जना श्री इन्द्रबहादुर रानामगर लाई क्यान्सर रोग लागि काम गर्न नसक्ने भएको हुँदा निजको स्थानमा लेटाङ नगरपालिका वडा नं ४ निवासी श्री नविन भुजेललाई थप आर्थिक दायित्व नपर्ने गरी काममा लगाउने।</td></tr>
<tr><td>३४</td><td>सडक हेरालु सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका वडा नं.- ७ मा अवस्थित गुवाबारी वारङ्गी हुँदै फिर्कोली सम्म मुलमोटरबाटो सडकमा पानी आई सडक बिग्रन गएको तथा पहिरो गई ठूलो क्षति हुने भएकाले वडा नं.-७ को निवेदन पत्रको आधारमा देहायको व्यक्तिहरूलाई दैनिक रू७०० को पारिश्रमिक प्रदान गरी काममा खटाउने सूर्वसम्मत निर्णय गरियो। (स्रोत : वडा सिलिङमा विनियोजन शिर्षकबाट)<br>देहायः
<table>
<tr><th>क्र.सं.</th><th>सडक खण्ड</th><th>खटिएको व्यक्तिहरू</th></tr>
<tr><td>१</td><td>देउजे खोला देखि आँप डाँडा सम्म</td><td>१.राजेश लिम्बु<br>२.शम्भु प्रसाद लिम्बु<br>३.रमेश लिम्बु<br>४.वुद्धिवीर लिम्बु</td></tr>
<tr><td>२</td><td>आँप डाँडा देखी गगरि सम्म सडक खण्ड</td><td>१.चन्द्र प्रसाद लिम्बु<br>२.धनबहादुर लिम्बु<br>३.वालकुमार लिम्बु<br>४.सुकबहादुर लिम्बु<br>५.धनबहादुर लिम्बु</td></tr>
<tr><td>३</td><td>गगरि देखी सुब्बा टोल सडक सम्म</td><td>१.पूर्णकुमार लिम्बु<br>२.सर्मीला याख्खा लिम्बु<br>३.घनश्याम लिम्बु<br>४.संजय लिम्बु</td></tr>
<tr><td>४</td><td>सुब्बा टोल देखी फिर्कोली सम्म</td><td>१.देवमान तामाङ्ग<br>२.सुवास तामाङ्ग</td></tr>
</table></td></tr>
</table>

मिति : २०८१।०५।०४ मंगलबार

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ३.सुनिता तामाङ<br>४.फलबहादुर मगर<br>५.दलबहादुर तामाङ |